"शिक्षा, सडक, सिंचाई र कृषि गोलन्जोरको पुर्वाधार ॥ तरकारी खेति,पशुपालन र पर्यटन विकास समृद्धिको मूल आधार"

# गोलन्जोर गाउँपालिका
Golanjor Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

☎ ०४७-६९२०२५, ०४७-६९१९३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati province, Nepal

प.स. : २०७६/०७७
च.नं. : १३९८

मिति : २०७६।११।२

विषय : सुचना प्रकाशित गर्ने सम्वन्धमा ।

श्री वडा कार्यालय सबै,
गोलन्जोर गाउँपालिका, सिन्धुली ।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ११४ मिति २०७६।११।२१ को पत्रानुसार रोजगारीको हक सम्वन्धी ऐन,नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम आगामी आ.व. २०७७/७८ मा सार्वजनिक विकास निर्माणको कार्यमा योगदान पुरयाउन चाहने बेरोजगार व्यक्तिहरुले चैत्र महिना भित्र निवेदन दिनु पर्ने समय रहेकोले यसै साथ संलग्न सुचना प्रकाशित गरिदिनु हुन अनुरोध छ। साथै निवेदन दिने अन्तिम मिति सम्म प्राप्त निवेदन वडा कार्यालयमा दर्ता गरि यस कार्यालयमा बुझाउनु हुन अनुरोध छ।

ठाकुर प्रसाद दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# न्युनतम रोजगारिमा संलग्न हुनको लागि निवेदन दिने वारेको सुचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सुचीमा सुचिकृत हुन निवेदन दिनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

## निवेदनकासाथ पेश गर्नुपर्ने कागजातहरु

१. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. निवेदकको १ प्रति पासपोर्ट साइजको फोटो ।

३.पारिवारिक विवरण (परिवारका सदस्यहरुको नाम, जन्म मिति,नागरिकता नं., नागरिकता जारि मिति, नागरिकता जारि जिल्ला, नाबालकको  हकमा जन्म दर्ताको प्रमाण पत्र को प्रतिलिपि, शैक्षिक तथा सिप संम्बन्धी जानकारी, वार्षिक आम्दानी विवरण )

४.विवाहित महिलाको हकमा विवाहदर्ताको प्रमाणपत्र ।

निवेदन सम्बन्धित वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ ।